मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## जितेन्द्रको सपना त्रिशूलीमै बग्यो



समाचार पृष्ठ ३ मा

वर्ष २ ● अंक २४५ ● २०८१ साल श्रावण ०९ गते बुधबार ● Wednesday 24, July 2024 ● सूर्योदयः बिहान ५:२५ बजे ● सूर्यास्तः साँझ ६:५८ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## हिन्दूआस्थामा अभद्रता देखाउनेलाई कारबाही माग



**सञ्जय मिश्रा**
**रौतहट ।**
संसदीय निर्वाचन क्षेत्र नम्बर २ बाट नेतृत्व गरिरहेका नेकपा एमालेका सांसद किरण कुमार साहले हिन्दूहरूको आस्थाका देवतामाथि अभद्र व्यवहार गर्नेलाई कारबाही माग गरेका छन् । संघीय सदनको शून्य समयमा सांसद साहले आकस्मिक समय लिएर हिन्दूको आस्थासँग खेलवाड गर्ने उपद्रवीलाई कारबाहीको दायरामा ल्याउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन् ।

केही दिनअघि सम्पन्न मुस्लिम समुदायको पर्व मोहरम (दाहा) का दिन रौतहटको राजपुर नगरपालिका–६ कुडिया बजार छेउमा केही अराजक, उदण्ड, सामाजिक उपद्रवीले हिन्दूहरूले लोकपर्व छठीको पूजा गर्न बनाएको छठी माताको (आकृति) श्रीस्पतामाथि जुत्ता, तलवार, लठ्ठी राखेर आस्थाको अपमान गरेको सांसद साहले जिकिर गरे ।

यसरी उपद्रवीले हिन्दू सनातन सभ्यता संस्कृतिमाथि ठूलो आघात पुर्याउँदै छठी स्थानमा मुस्लिम समुदायको झण्डा गाड्न खोज्दा ठूलो संख्यामा रहेका नेपाल प्रहरी, सशस्त्र प्रहरीले विरोध गरेर रोकेका थिए । सो क्रममा हजारौँको संख्यामा रहेका उनीहरूले प्रहरी टोलीमाथि ढुंगामुढा प्रहार गर्दा डेढ दर्जन प्रहरीलाई चोटपटक लागेको थियो । अवस्था साम्य पार्न प्रहरीले केही सेल अश्रु ग्यास र केही राउन्ड हवाई फायरसमेत गरेको थियो ।

सांसद साहले घटनामा घाइते सुरक्षाकर्मीको र सर्वसाधारणको शिघ्र स्वास्थ लाभको कामना गर्दै सदनको ध्यानाकर्षण गराउदै संलग्न उपद्रवीहरुलाई कडा कारबाही गर्न गृहमन्त्रीको समेत ध्यानाकर्षण गराएका थिए । मुस्लिम समुदायले त्यस दिन गरेको ज्यादतिपूर्ण व्यवहारको भिडियो सामाजिक सञ्जाल मेटामा भाइरल बनेको थियो ।

## १४ खर्ब ४० अर्ब वैदेशिक व्यापार घाटा

*सबैभन्दा बढी आयात निर्यात हुने छिमेकी मुलुक भारतसँग व्यापार घाटा ८ खर्ब ९३ अर्ब ५० करोड रुपैयाँ छ भने अर्को छिमेकी चीनसँग २ खर्ब ९६ अर्ब १८ करोड ६० लाख रुपैयाँ व्यापार घाटा देखिएको छ । नेपालीले सबैभन्दा बढी आयात गरेको एक खर्ब ४३ अर्ब ९७ करोड ६९ लाख रुपैयाँको डिजेल, ६८ अर्ब १० करोड २० लाख रुपैयाँको पेट्रोल र ५५ अर्ब ६१ करोड ८४ लाख बराबरको एलपी ग्यासबाट हामी के उत्पादन गरेर नाफामा जान सक्छौँ जबकि नेपालीले स्मार्टफोनमात्र २८ अर्ब ६६ करोड ६२ लाख रुपैयाँको किनेका छन् । हाम्रो आम्दानी कस्तोमा लगानी भइरहेको छ भनेर चिन्तन गर्न ढिलो भइसकेको छ ।*

**मधेशदृष्टि**
**काठमाडौँ ।**
देश आर्थिक संकटमा परिरहेको छ । यसलाई सुधार गर्ने भनेर सबै सरकारले भने पनि सुधारको बाटोमा छैन । आर्थिक वर्ष २०८०–८१ मा १७ खर्ब ४५ अर्ब ३६ करोड ६७ लाख रुपैयाँ बराबरको वैदेशिक व्यापार हुँदा घाटा मात्रै १४ खर्ब ४० अर्ब ६० करोड ४२ लाख रुपैयाँ भएको छ । भन्सार विभागले सार्वजनिक गरेको वैदेशिक व्यापारको तथ्याङ्कमा १५ खर्ब ९२ अर्ब ९८ करोड ५५ लाख रुपैयाँको वस्तु आयातमा एक खर्ब ५२ अर्ब ३८ करोड १२ लाख रुपैयाँको मात्रै निर्यात भएको पाइएको छ ।

राससको समाचार अनुसार, अघिल्लो आर्थिक वर्षको तुलनामा आयात, निर्यात र समग्र वैदेशिक व्यापार घट्दै गएको छ । आर्थिक वर्ष २०७९–८० मा नेपालले १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख रुपैयाँ बराबरको आयात गरेको थियो । एक खर्ब ५७ अर्ब १४ करोड छ लाख रुपैयाँ बराबरको निर्यात गर्दा वैदेशिक व्यापार १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाख रुपैयाँ पुगेको थियो ।

अघिल्लो आर्थिक वर्षको वैदेशिक व्यापार घाटा १४ खर्ब ५४ अर्ब ५९ करोड ९१ लाख रुपैयाँ थियो । त्यसको तुलनामा गत आर्थिक वर्षमा आयात एक दशमलव १६, निर्यात तीन दशमलव ०३, समग्र वैदेशिक व्यापार एक दशमलव ३३ र वैदेशिक व्यापार घाटा शून्य दशमलव ९६ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको आयात–निर्यात अनुपात १० दशमलव ४५ प्रतिशत छ । गत आर्थिक वर्षमा सबैभन्दा धेरै भारतसँग नै व्यापार घाटा देखिएको छ । भारतबाट नौ खर्ब ९६ अर्ब ६८ करोड रुपैयाँको वस्तु आयात हुँदा एक खर्ब तीन अर्ब १७ करोड रुपैयाँ बराबर मात्रै निर्यात भएको छ । भारतसँगको मात्र व्यापार घाटा आठ खर्ब ९३ अर्ब ५० करोड रुपैयाँ छ ।

नेपालको अर्को छिमेकीमुलुक चीनसँग दुई खर्ब ९६ अर्ब १८ करोड ६० लाख रुपैयाँ बराबर व्यापार घाटा देखिएको छ । चीनबाट दुई खर्ब ९८ अर्ब ७७ करोड रुपैयाँ बराबरको वस्तु आयात हुँदा २५ अर्ब ८८ करोड रुपैयाँ बराबरको मात्रै निर्यात भएको छ । नेपालले बढी व्यापार घाटा व्यहोरेका मुलुकमा संयुक्त अरब इमिरेट्स तेस्रो, युक्रेन चौथो र मलेसिया पाँचौँ स्थानमा छ ।

व्यापार नाफाको अवस्था हेर्दा नेपालले डेनमार्कसँगको व्यापारमा सबैभन्दा बढी नाफा देखिएको छ । गत आर्थिक वर्षमा नेपालले डेनमार्कबाट ३५ करोड ४५ लाख रुपैयाँ बराबरको वस्तु आयात गर्दा ८२ करोड २१ लाख रुपैयाँ बराबरको निर्यात गरेको छ । ४६ करोड ७५ लाख रुपैयाँ व्यापार नाफा देखिएको छ ।

बढी व्यापार नाफा देखिएका मुलुकमा अफगानिस्तान दोस्रो स्थानमा छ । अफगानिस्तानसँग ४६ करोड ६० लाख रुपैयाँ बराबरको व्यापार नाफा भएको छ । सबैभन्दा धेरै पेट्रोलियम पदार्थ आयात भएको छ । विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा एक खर्ब ४३ अर्ब ९७ करोड ६९ लाख रुपैयाँ बराबरको डिजेल आयत भएको छ । ६८ अर्ब १० करोड २० लाख रुपैयाँको पेट्रोल र ५५ अर्ब ६१ करोड ८४ लाख बराबरको एलपी ग्यास आयात भएको छ । ३९ अर्ब तीन करोड ४३ लाख रुपैयाँ बराबरको फलामजन्य वस्तु आयात भएको छ । स्मार्टफोनमात्र २८ अर्ब ६६ करोड ६२ लाख रुपैयाँ बराबरको आयात भएको छ ।

त्यस्तै, २३ अर्ब ६५ करोड ३९ लाख रुपैयाँ बराबरको सुन आयात भएको छ । नेपालले बढी निर्यात गरेका वस्तुमा कार्पेट, अलैँची, फलाम तथा स्टिलजन्य, जुसलगायत वस्तु छन् । गत आर्थिक वर्षमा नेपालले सबैभन्दा धेरै १० अर्ब ५७ करोड २४ लाख बराबरको कार्पेट र सात अर्ब ९३ करोड ८१ लाख रुपैयाँ बराबरको अलैँची निर्यात गरेको छ ।

## दुई महिनाभित्र निजामती ऐन आउने



**मधेशदृष्टि**
**वीरगंज ।**
संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले विगत आठ वर्षदेखि अलपत्र परेको संघीय निजामती ऐन अबको दुईमहिनाभित्रै पारित गरिने बताएका छन् । मन्त्री बनेपछि पहिलोपटक गृहजिल्ला पर्सा आइपुगेका मन्त्री गुप्ताले वीरगंजमा नेकपा एमाले पर्साद्वारा आयोजित स्वागत तथा सम्मान समारोहमा छिट्टै कर्मचारीको सरुवामा देखिएको बेथिति अन्त्य हुने दाबी गरे ।

उनले आफूले मन्त्रालय सम्हालेको ८ दिनमात्रै भएको बताउदै यस अवधिमा संघीय निजामती कर्मचारी ऐन र कर्मचारी सरुवालाई व्यवस्थित गर्ने कामलाई प्राथमिकतामा राखेको जानकारी दिए । नेकपा एमालेका केन्द्रीय सदस्यसमेत रहेका मन्त्री गुप्ताले माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आफू प्रधानमन्त्रीमा रहिरहन एमाले र कांग्रेसलाई पालैपालो खेलाएका कारण राजनीतिक स्थायित्वका लागि एमाले–कांग्रेस एक ठाउँमा आएको बताए । पर्सा क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्यसमेत रहेका मन्त्री गुप्ताले वर्तमान सरकारसामु धेरै चुनौती रहेको भए पनि देश र जनतालाई समृद्ध बनाउँदै देशमा अमूल परिवर्तन ल्याउने काममा सरकार पछाडि नपर्ने दाबी गरे । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री गुप्ताले केपी शर्मा ओली प्रधानमन्त्री हुँदा देशमा परिवर्तन र समृद्धि भएका कारण सरकार नेपाली जनताको आसा र भरोसाको केन्द्र बनेको बताए । उनले सरकारले जनताले देख्ने र अनुभूति गर्ने गरी काम गर्ने चुनौती रहेको बताए । फरक प्रसंगमा मन्त्री गुप्ताले पर्सामा एमालेभित्र रहेका झिनामसिना मतभेद बिर्सिएर एकताबद्ध भई संगठन निर्माणमा लाग्न नेता–कार्यकर्तालाई निर्देशन दिए । सबै मिलेमा पर्सामा नेकपा एमाले एक नम्बर पार्टी बन्ने उनको दाबी थियो । नेकपा एमाले पर्साका अध्यक्ष डा. विश्वम्भर शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेश सरकारका खेलकुदमन्त्री प्रमोद जयसवाल, नेकपा एमाले मधेश प्रदेशका उपाध्यक्ष विचारी यादव, केन्द्रीय सदस्य अरविन्द सिंह, प्रधुमन चौहान, जयप्रकाश थारु, शिव पटेल, जिल्ला उपाध्यक्ष मनोज गुप्ता, जिल्ला सचिव महेश दास लगायतको सहभागिता थियो ।

## विपत् व्यवस्थापनमा कार्यालयपिच्छे पाँच करोड माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमातहतका डिभिजन प्रमुखहरूले विपत् व्यवस्थापनका लागि फ्रिज नहुने गरी जति बेला पनि खर्च गर्न सक्ने गरी तत्काल उपलब्ध गराउने गरी कानून संशोधन वा नयाँ कानून बनाउन माग गरेका छन् ।

मंगलबार मन्त्रालयद्वारा आयोजित योजना कार्यान्वयनसम्बन्धी अभिमुखिकरणमा उपस्थित जलश्रोत, भूमिगत सिँचाइ र खानेपानी डिभिजन कार्यालयका प्रमुखहरूले कानून व्यवस्थापनसँगै विपत् व्यवस्थापनका लागि तत्काल ५ करोड रुपैयाँ बजेट उपलब्ध गराउन माग गरेका थिए । यसका साथै उनीहरूले बजेट कार्यान्वयन र सामग्री उपलब्धतामा समस्या, विपत् व्यवस्थापन आउनुअघि नै बोरा, घुम्ती शौचालय, खानेपानी सफा गर्ने ब्लिचिङ र पाइपलगायतका सामग्री व्यवस्थापन गर्नुपर्ने लगायतका विषय राखेका थिए । उनीहरूले योजना सञ्चालन र बजेट खर्चबारे अर्थ मन्त्रालयले गरेको मार्गदर्शनले बजेट कार्यान्वयनमा निकै समस्याले यसको संशोधनका लागि पहल गरिदिन आग्रह गरेका थिए । यसका साथै नयाँ योजना भन्दा क्रमागत अधूरो योजनामा बजेट थप मागसमेत उनीहरूले गरेका थिए । उनीहरूले दर्जनौँ योजना ६०–७० प्रतिशत काम भए पनि बजेट अभावले काम गर्न नसक्दा ती योजना नै खेर जाने भएकाले तत्काल बजेट संशोधन वा रकमान्तर गरी नयाँ भन्दा क्रमागत योजनाका थप बजेट विनियोजन गरिदिन मन्त्री यादवसँग आग्रह गरेका थिए ।

डिभिजन प्रमुखहरूबाट आएको विषयमा सम्बोधन गर्दै अर्थ मन्त्रालयको मार्गदर्शनबारे सहजताका लागि संशोधन गर्न अर्थमन्त्रीको समन्वयमा रहेको र चाँडै समस्या समाधान गरिने ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री शेषनारायण यादवले जनाए ।विपत् व्यवस्थापनको कानूनी समस्या र थप बजेटबारे छलफल गरेर अघि बढने, अधूरो योजना सम्पन्न गर्न थप बजेटका लागि सकेसम्म सहयोग गने उनले प्रतिबद्धता जनाए । यसका साथै मन्त्री यादवले हालसम्मका अधूरो योजनाको अवस्था र रोकिएका



कारणसहित आवश्यक थप बजेट लिखित प्रतिवेदन र डिभिजन वा मातहतका कार्यालयबाट हुने विकास निर्माणको काममा सहजता र कानूनीरुपमा देखा परेका के कस्ता जटिलता के कस्ता कानुन बनाउन सकिन्छ भन्नेबारे विचारसहित प्रतिवेदन एक हप्ताभित्र उपलब्ध गराउन निर्देशन दिए ।

कार्यक्रममा मन्त्रालयका सचिव जक्की अहमद, महाशाखाका प्रमुखसहित प्रदेशका ८ वटै जिल्लास्थित जलश्रोत तथा सिँचाइ डिभिजन, खानेपानी तथा सरसफाइ डिभिजन, भूमिगत सिँचाइ डिभिजन कार्यालयका प्रमुखहरूको उपस्थिति थियो ।

## कुटपिट गरी गर्भ तुहाएको आरोप

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–१२ कुवारामपुरकी २४ वर्षीया कौशल्या देवी महाराको कुटपिट गरी गर्भ तुहाएको आरोपमा २७ वर्षीया विणादेवी महरा, ३५ वर्षीया अनिता देवी महाराविरुद्ध प्रहरीमा उजुरी परेको छ । गर्भावस्थामा रहेकी पीडित कौशल्या देवी महारा र आरोपितबीच असार २८ गते भएको विवादक्रममा पीडित महारामाथि आरोपितले लाठी प्रहार गरी निर्घात कुटपिट गर्दा गर्भमा रहेको शिशुको मृत्यु भएको पीडितकी पति राजा महाराले बताए ।

महाराको स्वास्थ्य उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा असार २८ गतेदेखि साउन ६ गतेसम्म भएको थियो । घटनापश्चात आरोपितहरू फरार रहेकाले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी रञ्जन अवाले जानकारी दिए । त्यसैगरी, घटनाबारे बुझ्न इन्सेक मधेस प्रदेशका संयोजक राजु पासवान, अधिवक्ता रेखा झा, ओरेक धनुषाका शान्ति मेहता, इन्सेक धनुषा जिल्ला प्रतिनिधि सन्तोषकुमार यादव, नील हिरा समाजका प्रदेश संयोजक प्रदिप यादवलगायतका मानव अधिकारकर्मीहरूको टोलीले प्रादेशिक अस्पताल जनकपुरधाममा पीडित र पीडित परिवारसँग भेटघाट गरेको छ ।

यस्तै, अपाङ्गता भएकी १७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा हंसपुर नगरपालिका–५ का २० वर्षीय रोहित दासविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी परेको छ । पीडित बालिकालाई साउन ७ गते आरोपितले खेतमा लगेर बलात्कार गरेको भन्दै कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको हो । घटना पश्चात आरोपित फरार रहेकाले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

## रायको घर बसेका युवाको पोलियोग्राफी गरिने

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको चन्द्रपुर गाउँपालिका–१, रतनपुरमा पूर्वराज्यमन्त्री रामचन्द्र रायको हत्याबारे अनुसन्धान गर्न प्रहरीले घरमा बसेका युवकको पोलियोग्राफी गर्ने तयारी गरेको छ । घटनामा अहिलेसम्म १५ जनासँग सोधपुछ भइसकेको छ । हत्यामा संलग्न आशङ्कामा उनीहरूसँग सोधपुछ गरिएको हो ।

पूर्वराज्यमन्त्री राय साउन ७ गते घरमै मृत भेटिएका थिए । रतनपुरमा उनका ३ वटा घर छन् । तीमध्ये एउटा घरमा सहयोगी राम उजेन रायसँग पूर्वमन्त्री बस्दै आएका थिए । रायका एउटा छोरा अस्ट्रेलिया र अर्का छोरा काठमाडौँमा बस्छन् । सहयोगीका रूपमा कार्यरत २१ वर्षीय रायलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । सहयोगीले बोलेको कुरा यकिन गर्न उनको पोलिग्राफ परीक्षण गर्ने तयारी भएको हो ।

मधेश प्रदेशका डिआइजी यज्ञ विनोद पोखरेलले सहयोगीलाई पोलिग्राफ गराउन लागिएको बताए । उनले भने, ‘उनको भनाइको सत्यता परीक्षण गर्न पोलिग्राफ जाँच गर्दै छौँ ।’ सहयोगीले राति घरमा ३ जना मानिस आएको बताएका छन् । प्रहरीसँगको बयानमा युवकले भनेका छन्, ‘साढे ९ बजेतिर ३ जना आएका थिए, यहीँ बस्ने भनेपछि उहाँ (पूर्व राज्यमन्त्री)को आग्रह अनुसार मैले ओच्छ्यान मिलाइदिएँ ।’

राति बास बस्न आएका भनिएका ३ जना मानिसबारे प्रहरीले अनुसन्धान गरिरहेको छ । तर, प्रहरीले अहिलेसम्म उनीहरूको पहिचान गर्न सकेको छैन ।

*कहिलेकाँही खराब व्यक्तिले असल सुझाव दिन सक्दछ ।*
*–फ्रान्सिस बेकन*

## सम्पादकीय

# सरकारको दबाबमा विद्युत् प्राधिकरण

*अन्ततः नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिको बैठकले विभिन्न छ उद्योगमा बिजुलीको लाइन जडान गर्ने निर्णय गरेको छ । सञ्चालक समितिको मंगलबारको बैठकले शर्तसहित विद्युत् लाइन जोड्ने निर्णय गरेको छ । देशका ५ दर्जन भन्दा बढी उद्योगमा लाइन काटिएको छ । साढे ९ अर्ब रुपैयाँ भन्दा बढी विद्युत् महसुल उद्योगहरुले तिरेका छैनन् । बरु सरकार गुहारेर, ठूलो स्वर गरेर महसुल नतिरे पनि लाइन काट्न पाइँदैन भनिरहेको छ । केही मुठ्ठिभरका उद्योगीहरुका पक्षमा खुलेर नयाँ प्रधानमन्त्री केपी शर्मा ओली लागेका छन् । बरु देशलाई लोडसेडिङमुक्त बनाउने अभियानको श्रेय पाएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको तेजोबध गरिरहेका छन् । नाफामा गइरहेको एउटा सरकारी कम्पनीलाई महसुल उठाउँछु भन्दा पनि प्रधानमन्त्रीबाटै दबाब पर्न थालेको छ । यसको संकेत प्रजातन्त्र आएपछि थला परेका हेटौंडा कपडा उद्योग, जनकपुर चुरोट कारखाना, भृकुटी कागजकै तालमा कतै विद्युत् प्राधिकरण पनि पुग्ने हो कि भन्ने संशय चैँ गणतन्त्रमा भइरहेको छ । जनताले राज्यको सामान्य सुविधा लिन विद्युत् महसुल तिर्नु पर्ने र उद्योगीहरुले अर्बौं रुपैयाँ तिर्न नपर्ने पक्कै सुहाउने काम होइन ।*

*प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहेका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको अध्यक्षताको बैठकले उद्योगमा काटिएका लाइन पुनःजडान गर्ने निर्णय भएको को । जब प्रधानमन्त्री र विभागीय मन्त्री नै महसुल नतिर्ने उद्योगका प्रवक्ता बनेर उभिएपछि प्राधिकरण नेतृत्व निरीह हुनेमा शंका रहेन । प्राधिकरण सञ्चालक समितिले गरेको निर्णयमा भनिएको छ, 'तीन महिनाभित्र उद्योगीहरुको बक्यौता विद्युत् भुक्तानी नगरेमा पुनःबक्यौता असुल गर्न कारबाही अगाडि बढाउने गरी विद्युत् नियमन आयोगको निर्देशनअनुसार उद्योगहरुको विद्युत् लाइन जोड्ने निर्णय गरिएको छ ।' अर्थात् अरु तीन महिना उनीहरुले विद्युत् प्रयोग गरेर महसुल तिरेनन् भने त्यसको जिम्मा कसको ? तीन महिनापछि मन्त्रीहरुकै कार्यकाल के हो–के हो भन्ने राजनीतिक अन्यौलमा दीर्घकालीन असर गर्ने यस्ता निर्णयहरु मन्त्री किन गर्छन् । यो सब पदको दुरुपयोग हो । शक्तिमा पुगेपछि व्यापारी र उद्योगीको पक्षपोषण गर्नैं पर्ने दबाब मन्त्रीहरुलाई किन पर्छ ?*

*विद्युत् काटिएका छ उद्योगमा मंगलबार साँझबाट क्रमिक रुपमा लाइन जडान गरिने भएको छ । उद्योगहरुले विद्युत् महसुलको बक्यौता नतिरेपछि असार २५ गतेदेखि रिलायन्स स्पिनिङ मिल, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा स्टील, जगदम्बा सेन्थेटिक र हुलास स्टीलको लाइन काटिएको थियो । यी उद्योगहरुले नेपाली बजारलाई त्यस्तो के योगदान दिएका छन् र सरकार यसको पषपोषणमा नकाव निकालेर नै उत्रियो भन्ने प्रश्न सिर्जना भएको छ । यसले दिने सन्देश पनि राम्रो होइन होला । ठूला उद्योगहरुले यसरी विद्युत् महसुल नतिरी विद्युत् सेवा पाउने भएपछि अरु कम महसुल तिर्न बाँकी उद्योगीहरुले पनि फेरि सरकारलाई घेर्ने छ । उनीहरुलाई पनि महसुल तिर्ने अवसर दिएर लाइन जोडिने बाटो खुलेको छ । सरकारको यो रवैया कतैबाट पनि समर्थन गर्न सकिने अवस्थाको होइन । यसले देशको अर्थतन्त्रलाई ओरालो लगाउने र व्यापारीहरुलाई खुला छाड्ने देखिएको मात्र छ ।*

# कृषिजन्य पदार्थको आयात प्रतिस्थापन



सञ्जय साह मित्र

हाम्रो देश कृषि प्रधान मानिन्छ । यद्यपि अब कामदार पठाउने देश पनि भन्न थालिएको छ । यो व्यंग्य हो तर यथार्थता पनि देखिन्छ । कुनै पनि देशका नागरिकले आफ्नो देशमा कुन पेसा सबैभन्दा बढी अपनाएका हुन्छन्, त्यस आधारमा उक्त देशलाई कुन पेसाको देश हो भन्ने कुरा मान्नुपर्ने सामान्य बुझाइ रहेको छ । यस अर्थमा हाम्रो देशभित्र नेपाली नागरिकले अपनाएका अनेक पेसामध्ये सबैभन्दा बढी कृषि पेसा अपनाउने मानिस रहेका छन् भन्ने कुरो घामझैँ छर्लङ्ग छ । कृषि पेसामा निर्भर रहनु, कृषिसित सम्बन्धित पेसा अपनाउनु तथा कृषिआश्रित उद्योग चलाउनु आदि पनि कृषिसँग सम्बन्धित हुने हुनाले यसको क्षेत्र ठुलो रहेको छ ।

कृषिको अनेक क्षेत्र रहेको छ । सबैभन्दा प्राथमिक कुरो खाद्यान्न हो । हामी नेपालीले सबैभन्दा बढी भात खान मन पराउँछौँ र भातको लागि सबैभन्दा बढी क्षेत्रफलमा धानखेती नै गरिन्छ । अब त वर्षमा दुई बाली धान लगाइन थालिएको छ । असार साउनमा पहिलेदेखि नै धान रोपिन्थ्यो, अहिले पनि रोपिन्छ । अनि चैतमा पनि धान रोप्ने कामले तीव्रता पाउन थालेको छ । चैतमा धान रोप्दा असारसम्म काटिसकिन्छ वा ढिलो भए साउनको पहिलो हप्तासम्म धान भित्र्याइन्छ । हरेक वर्ष चैतै धान खेती गर्ने किसानको संख्या बढिरहेको छ र धानको उत्पादन पनि बढिरहेको छ । वर्षभरिको गणना गर्ने हो भने धानखेतीले नै सबैभन्दा बढी प्रतिशत जमिन ओगटेको पाउन सकिन्छ ।

गत आर्थिक वर्षमा नेपालमा धानको उत्पादन राम्रो भएको भनिएको थियो । धानको उत्पादन बढेको पनि थियो । तर विडम्बना नै मान्नुपर्ने हुन्छ, गत आर्थिक वर्षमा नेपालले विभिन्न देशबाट खाद्यान्न आयात गरेको छ । नेपालले गत आर्थिक वर्षमा भारत, चीन, मेक्सिको, अर्जेन्टिना, ब्राजिल, जर्मनी आदि देशबाट धान, चामल, मकै लगायतका खाद्यान्न आयात गरेको देखिएको छ । बितेको वर्षमा नेपालले छ अर्बको बासमती चामल ल्याएको छ । सबै किसिमको चामलमा नेपालले पैतालिस अर्ब रुपैया खर्च गरेको छ, विदेशबाट मगाउन । अधिकांश नागरिक खेतीमा निर्भर रहने, खेतीमा पनि बढी धान उत्पादन गर्ने तर पैतालिस अर्बभन्दा बढीको खाद्यान्न आयात गर्ने हामी छौँ । यो त भन्सारबाट आउने आधिकारिक तथ्यांक हो, भन्सार नतिरी सोझै नागरिकस्तरमा आफ्नो भान्छाको लागि ल्याउनेहरु पनि हुन्छन्, तिनीहरुको हिसाब यसमा समावेश नहोला । तिनीहरुको हिसाब यदि यसमा थप्ने हो भने अझ धेरै बढ्ने देखिन्छ । नागरिकस्तरमा यत्तिकै भित्रिने चामल र अन्य खाद्य पदार्थमा सबैभन्दा बढी भारतबाट रहेको छ । र, तथ्यांकलाई नै आधार मानेर विचार गर्ने हो भने गत आर्थिक वर्षमा भारतबाट मात्रै चवालिस अर्बको खाद्यान्न आयात भएको छ ।

अलिकति सन्तोषको कुरो पनि छ । नेपालले विदेशबाट ल्याउने मात्र होइन । विदेशमा खाद्यान्न पठाउने गरेको पनि छ । नेपालले विदेशबाट खाद्यान्न मगाउने र विदेशमा निर्यात गर्ने तथ्यलाई विचार गर्ने हो भने खासै तुलना गर्न सकिने अवस्था छैन । गत आर्थिक वर्षमा नेपालले एक करोड अन्ठाउन्न लाख बराबरको खाद्यान्न निर्यात गरेको छ । जहाँ करिब पैचालिस अर्बको खाद्यान्न आयात गर्दछौँ त्यहाँ डेढ करोड रुपैयाको खाद्यान्न निर्यात गर्दछौँ भने कुनै तुलना त हुन सक्दैन तर अलिकति मात्र भए पनि हामीले पनि निर्यात गर्दा रहेछौँ भन्नेसम्म सन्तोष लिनको लागि मात्र हो । हामीले खाद्यान्नको आयातलाई कम गर्नुपर्ने तथा सम्भव भएसम्म निर्यातलाई प्रबर्धन गर्नुपर्ने हो । यी दुवैमा सन्तुलन गर्नुपर्छ तर वर्तमान स्थिति हेर्दा सन्तुलन हुने कुनै उपाय नदेखिनु अर्थात् हामी निरुपाय रहेको अवस्थालाई दर्शाउँछ ।

डाँडाकाँडादेखि समथर भूभागसम्म सबैतिर खेती हुन्छ । साथै अनेक किसिमका फलफूलको खेती पनि हुन्छ । कतिपय अवस्थामा कतिपय फलफूल बनका पनि पाइन्छन् । यद्यपि गत वर्षको तथ्यांकलाई विचार गर्ने हो भने नेपालमा फलफूलको आयात पनि भारी परिमाणमा भएको छ । नेपालमा गत आर्थिक वर्षमा करिब साढे तेइस अर्ब रुपैया बराबरको फलफूल विदेशबाट आएको देखिएको छ । दुई लाख छयानब्बे हजार मेट्रिक टन फलफूल नेपालमा विदेशबाट आयात भएको हो । तथ्यांकले यो देखाउँछ कि नेपालीले फलफूलको खपत गर्न सिकेका छन् । हामी फलफूलको उपभोग बढाउँदै लगेका छौँ तर हामीले फलफूल पनि उत्पादन गरिरहेका छौँ । नेपालीले सर्वाधिक मन पराउने फलमा सुन्तलाको नाम आएको छ । नेपालमा सुन्तला पर्याप्त उत्पादन हुन्छ । मध्यपहाडी हरेक जसो जिल्लामा सुन्तलाको उत्पादन हुन्छ तर गत वर्ष नेपालमा बिस हजार मेट्रिक टन सुन्तला विदेशबाट आयात गरिएको छ । जबकि सुन्तला हाम्रो राष्ट्रिय फल हो । राष्ट्रिय फलको रुपमा मान्यता पाएको वर्ष सुन्तलाको आयात हेर्दा लाग्दछ कि हामीलाई सबैभन्दा बढी स्वादिलो लाग्ने रसिलो फल सुन्तलाले धेरै ठुलो बजार ओगटेको छ । गत आर्थिक वर्षमा हामीले विदेशबाट एक अर्ब चवालिस करोड रुपैयाँको सुन्तला किनेर खाएका छौँ । यदि सबै फलफूलको तथ्यांक हेर्ने हो भने गत एक आर्थिक वर्षमा हामी नेपालीले भारत, चीन, अष्ट्रेलिया, अमेरिका लगायतका देशबाट फलफूल देशमा भित्र्याएको छौँ जसमा तेइस अर्ब चवालिस करोड रुपैया बाहिरिएको छ । नेपालको आन्तरिक उत्पादनको अवस्था पनि फलफूलको सन्तोषजनक नै मानिएको छ तर पनि हामीले एक वर्षमा दुई लाख छयानब्बे हजार मेट्रिक टन फलफूल विदेशबाट मगाएर उपभोग गरेका छौँ ।

तराई मधेशमा सबैभन्दा लोकप्रिय फलको रुपमा आँपलाई लिइन्छ । अलिकति जग्गाजमिन हुने हरेक जसो व्यक्तिले कमसे कम एउटा आँपको बोट लगाएको हुन्छ । जब आँपको मौसम आउँछ तब हरेकले आँप खान्छ, खान चाहन्छ । आँपको मौसममा हाट बजार, चौक चौराहामा आँपको बजार हुन्छ । बजारमा आँपले हस्तक्षेप गरिसकेको हुन्छ । यतिसम्म कि आँपका प्रेमीहरु आँप खान बगैँचासम्म पुग्दछन् । आँपको बगैँचा गछपक्कु आँप खानुको आनन्द लिनेहरु धेरै छन् । आँपले बजारमा अन्य क्षेत्रमा पनि हस्तक्षेप गर्ने सामर्थ्य राख्दछ । जस्तो कि बजारमा आँपको पहुँच उत्कर्षमा रहेको समयमा अलिकति भए पनि तरकारीको बिक्री वितरण र थोरै भए पनि खाद्य पदार्थको बजारलाई प्रभावित पार्दछ । यसको मुख्य कारण यो रहेको छ कि कतिपय अवस्थामा आँपले खाजाको काम पनि गर्दछ र कतिपय अवस्थामा रोटी वा चिउरासित तरकारीबिना आँप नै खाइने गरेको पाइन्छ । आँपसित जोडिएको सुखद पक्ष यही हो कि बजारमा पाइने आँपजति सबैलाई बिक्रेताहरुले नेपालकै उत्पादन भन्दछन् । हो, बैसाख महिनाभर र केही हदसम्म जेठको पहिलो हप्तासम्म बजारमा पाइने आँपलाई भारतबाट आएको बताइने गरिन्छ । बैसाखमा हामीकहाँको आँपको रुखमा चिचिलै हुन्छ तब बजारमा आँप आइसकेको हुन्छ सोही समयमा बजारमा बाहिरको आँप आउँछ र यो पनि भनिन्छ कि आँपको मध्य सिजनमा नेपालबाट भारततिर पनि औपचारिक वा अनौपचारिक रुपले आँप जान्छ । हरेक वर्ष आँपको उत्पादन राम्रो हुने गरेको सन्दर्भमा र सम्भवतः मधेशमा सबैभन्दा बढी खाइने फलको रुपमा रहेको आँप विदेशबाट धेरै आएको पाइएको छैन । आँपको सन्दर्भमा यो कुरा पनि महत्वपूर्ण रहेको छ कि अहिले पनि सबैभन्दा बढी बिरुवा, सर्वसाधारणले, आँपकै लगाउँछन् । यसको प्रतिफल यो देखिन्छ कि विगत पाँच वर्षमा आँपको मूल्य बढेको छैन । सबैको पहुँचमा हुने आँपलाई मधेशमा फलको राजा मानिन्छ । कृषि क्षेत्रको लागि आँपको उत्पादन आफैँमा सुखद पक्ष हुनुपर्छ । देशको महत्वपूर्ण पेसा नै कृषि हो । कृषि पेसा चाहिँ महत्वपूर्ण पेसा रहेको भए पनि कृषि, कृषिमा आश्रित र कृषिसँग सम्बन्धित क्षेत्रको विकासको लागि कृषिको विकास नै महत्वपूर्ण हो । कृषिको विकास त्यस समयमा भएको मानिन्छ जब कृषिमा आत्मनिर्भर बन्न सक्दछौँ । कृषि र कृषिजन्य उत्पादनमा हामी आयात निर्यात सन्तुलनमा हुन्छौँ । हाम्रो देशमा आउने कृषि उत्पादन र हाम्रो देशले विदेशमा पठाउने कृषि उत्पादनको मूल्य बराबर हुन्छ । कृषि प्रधान देशमा अझ मुख्य गरी खाद्यान्न र फलफूलमा हाम्रो धेरै पैसा विदेशमा गइरहेको छ अर्थात् हामी धेरै हदसम्म परनिर्भर बनेका छौँ । यसमा विचार गर्नै परेको छ ।

अहिले सबै क्षेत्रमा शिक्षा र चेतनाको कुरा गरिन थालिएको छ । विज्ञान र प्रविधिको कुरो गरिन थालिएको छ । शिक्षा, चेतना तथा प्रविधिको उपयोग कृषि र कृषिजन्य क्षेत्रमा पनि गरिनु आवश्यक छ । हामी बढी मात्रामा भात खान्छौँ र यसको लागि धानको खेती गर्दछौँ तर धान र चामल नै बढी आयात पनि गर्दछौँ । साथै राष्ट्रिय फल सुन्तलालाई घोषणा गर्दछौँ र सबैभन्दा बढी सुन्तलाकै आयात गर्दछौँ । यही अवस्थालाई विचार गरेर हाम्रो देशले अब जति सम्भव हुन्छ कृषि र कृषिजन्य वस्तुको आयातलाई प्रतिस्थापन गर्ने व्यावहारिक नीति अवलम्बन गर्नु जरुरी छ । कृषि क्षेत्रलाई यस दृष्टिकोणले प्राथमिकता दिनु जरुरी छ ।

**शेयर**

# नेप्से परिसूचकमा ७५ अङ्कको वृद्धि



नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । मंगलबार नेप्से परिसूचक ७५ दशमलव ३३ अङ्क अर्थात् तीन दशमलव ०३ प्रतिशतले बढेर दुई हजार पाँच सय ६३ दशमलव ४३ को बिन्दु कायम भएको हो । तीन सय १७ कम्पनीको तीन करोड ९७ लाख ९० हजार आठ सय ८९ कित्ता शेयर एक लाख ७१ हजार तीन सय ८७ पटक खरिदबिक्री हुँदा १४ अर्ब ११ करोड ६३ लाख ३० हजार नौ सय ९५ बराबर रुपैयाँको कारोबार भएको छ ।

कारोबारमा सबै समूहका उपसूचक हरियो देखिँदा सबैभन्दा धेरै व्यापार समूहको उपसूचक पाँच दशमलव ०६ र जीवन बीमा समूहको उपसूचक चार दशमलव ४५ प्रतिशतले बढेको छ । छ वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । समृद्धि फाइनान्स कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, माण्डु हाइड्रोपावर लिमिटेड, ह्याथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड, नेपाल वायरहाउजिङ कम्पनी लिमिटेड र साहस ऊर्जा लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै शेयर मूल्य गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको घटेको छ । गणपतिको शेयर मूल्य पाँच दशमलव ८३ प्रतिशतले घटेको हो । कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको २४ करोड ६९ लाख २३ हजार सात सय ९२ रुपैयाँबराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा नबिल ब्यालेन्स फन्ड–२ को १६ लाख दुई हजार आठ सय ३५ रुपैयाँ बराबरको कारोबार भएको छ ।

**अन्तर्राष्ट्रिय**

# प्रत्येक पाँच घरमध्ये एकमा पानी छैन

**श्रीलंका ।**
श्रीलङ्काका २० दशमलव तीन प्रतिशत घरपरिवारमा आधारभूत पिउने पानीको सुविधा नभएको जनगणना तथा तथ्याङ्क विभाग (डिसिएस) ले घरायसी खानेपानीको गुणस्तरमा हालै गरेको सर्वेक्षणले देखाएको छ ।

विभागले आधारभूत सुविधाहरूमा पहुँच भन्नाले संरक्षित इनार, ट्युबवेल, धाराको पानी, बोतलको पानी र आरओ (रिभर्स ओस्मोसिस) प्लान्टबाट ३० मिनेटभित्र पिउने पानी सङ्कलन गर्ने क्षमतालाई परिभाषित गरेको छ ।



प्रतिवेदनले श्रीलङ्काका ४० दशमलव छ प्रतिशत घरपरिवारले प्रदूषणमुक्त स्रोतहरू प्रयोग गरेको बताएको छ ।

यसैबीच श्रीलङ्काका शून्य दशमलव सात प्रतिशत घरपरिवारले नदी, बाँध, ताल, पोखरी, खोला, नहर वा सिँचाइ नहर जस्ता सतही पानीका स्रोतहरूबाट सिधै पिउने पानी सङ्कलन गरेको प्रतिवेदनले देखाएको छ । साथै विभागले पनि १६ दशमलव एक प्रतिशत घरपरिवारले असुरक्षित इनारको पानी पिउने गरेको पाइएको छ ।

विभागले सर्वेक्षणमा मुलुकभर विभिन्न वर्गलाई प्रतिनिधित्व गर्ने तीन हजार दुई सय १० घरधुरीका नमूनाहरू छनोट गरेको थियो ।

# जितेन्द्रको सपना त्रिशूलीमै बग्यो



**सिंगबहादुर थापा**
**सर्लाही ।**

गत असार २८ गते बिहान भरतपुर महानगरपालिका–२८, नारायणगढ–मुग्लिन सडकको सिमलतालमा पहिरोे खस्दा दुईवटा बसमा सवार ६५ बढी यात्रुले अकालमै ज्यान गुमाउनुप¥यो । नदीमा बससँगै धेरैकोे जीवनमा केही गर्ने सपना बिलायो भने उनीहरुका परिवारले सदस्य मात्रै गुमाएनन्, बाँच्ने आधार पनि सधैँको लागि अन्त्य भएको छ ।

सर्लाहीको रामनगर गाउँपालिका–३, का जितेन्द्र रामको विदेशमा कमाएर परिवारको पेट पाल्ने सपना पनि सोही घटनामा विलीन भयो । परिवारका अनुसार जितेन्द्र गाउँकै अर्का (हाल बेपत्ता) साथी रामा दाससँगै वैदेशिक रोजगारको तयारीमा थिए । उनी म्यानपावर कम्पनीले विदेश जानुपूर्व गरिने स्वास्थ्य परीक्षण गर्न बोलाएपछि असार २४ गते मात्र काठमाडौँ पुगेका थिए । स्वास्थ्य परीक्षण गरी घर फर्कंदै गर्दा असार २८ गते झिसमिसेमा उनी सवार बस पहिरोमा परेर त्रिशूलीमा खसेको थियो ।

जितेन्द्रले २७ गते साँझ ७ बजेतिर आफू घर आउँदै गरेको परिवारलाई जानकारी गराएका थिए । परिवारसँगको त्यही संवाद जितेन्द्रको अन्तिम संवाद बन्यो । करिब आठ वर्ष पहिला पनि उनी वैदेशिक रोजगारीका क्रममा तीन वर्ष मलेसिया बसेर फर्किएका हुन् । २८ वर्षका उनको श्रीमती दुई छोरी र एक छोरा छन् ।

आर्थिक सङ्कटबाट गुज्रिरहेको जितेन्द्रको परिवारमा यस घटनाले ठूलो बज्रपात गराएको छ । पाँच धुर घडेरीमा बनेको फुसको घरमा उनका बुबा, ठूलोबुबा र आफ्नो समेत गरी १७ जनाको परिवारले मुस्किलले ओत लागेको छ । भतिजोले विदेशबाट कमाएर परिवार पाल्छु भनेको ठूलो बुबा सरपलाल महरा सम्झन्छन् ।

पीडित परिवार अझै उनीहरु फर्किने आशमा बसिरेका छन् । बेपत्तामध्ये बरहथवा नगरपालिका–३, माझी टोलाका १८ वर्षका रमित कुशवार माझी र जितेन्द्र रामको मात्र शव फेला परेको हो । रामनगर गाउँपालिका–३, का रामा दास र कविलासी नगरपालिका–८, का रवीन्द्र साहको अझै अत्तोपत्तो छैन । यतिका दिन भइसक्दासमेत फेला नपरेका उनीहरु जीवित फेला पर्ने परिवारले आश मारिसकेका छन् ।

बेपत्ता रामा दासको बुबा शुक्रबार मात्र मलेसियाबाट चितवन आएर छोराको लास भेटिने आशमा कुरिरहेका छन् । उनी १० वर्षदेखि मलेसियामा रोजगारीको सिलसिलामा थिए भने उनका दाजुसमेत वैदेशिक रोजगारीको लागि मलेसियामै छन् । गाउँघरमा ट्र्याक्टर जोत्ने लगाएको काम गर्ने रामा पनि पछिल्लो समय राम्रो कमाईको लागि भन्दै वैदेशिक रोजगारीको तयारीमा थिए । उनलाई मेनपावर कम्पनीले कागजात मिलाउन भन्दै काठमाडौँ बोलाएको थियो । घटनाको जानकारी पाए लगत्तैबाट मुर्छा परेकी उनले मलीन अनुहारमा छोराको लासमात्र भए पनि खोजी दिन आग्रह गरिन् । दैनिक ज्याला मजदुरी गरेर हातमुख जोर्दै आएको परिवार जितेन्द्रको मृत्युपछि थप सङ्कटमा परेको छ ।

बरहथवा नगरपालिका–३, रमित कुश्वार माझीको परिवारमा पनि आँखा ओभानो छैन । परिवारका जेठा छोरा गुमाउनु पर्दा असह्य पीडा भएको बुबा रवीन्द्र कुश्वार माझीले बताए । गाउँमा मेलापात गरेर बसिरहेका रमित गत तिहार पछिमात्र साथीको पछि लागेर काठमाडौँ गएका थिए । त्यसपछि पनि उनी धेरै पटक घर आउनेजाने गरेका थिए । त्यस दिन पनि गाउँमा आफन्त पर्नेको विवाहमा सरिक हुन भनेर रमित बस चढेका थिए । सुरुमा सर्लाहीका लागि टिकट काटेका कविलासी नगरपालिका–८, निवासी २४ वर्षका रवीन्द्र साहलाई पनि काउन्टरवालाले रौतहटको बसमा चढाई दिएका थिए । रवीन्द्रका परिवार अझै बेहोसमै बरबराइरहेका छन् । परिवारका केही सदस्यले चितवनको अस्पताल कुरेको हप्तादिन बढी भइसक्यो । यता सास वा लासको अत्तोपत्तो नहुँदा परिवारमा थप पीडा भएको छ ।

गत असार २८ गते झिसमिसेदेखि एकनासले सामाजिक सञ्जालमा पहिरोसँगै त्रिशूलीमा बस खसेको समाचार आइरह्यो । जितेन्द्रको परिवारको कानमा पनि उक्त घटनाको सूचना प¥यो । पहिले उनीहरु अन्योलमा परे । पछि सोधीखोजी गर्दा जितेन्द्र सवार बस पनि खसेको पुष्टि भयो । घरमा रुवावासी शुरु भयो । के गर्ने न कसो गर्ने अन्योलबीच जितेन्द्रका ठूलोबुबा सरपलाल महरा चितवन दुर्घटनास्थलतर्फ लागे । घटनाको दोस्रो दिन जितेन्द्रको शव त्रिशूलीमा फेला परेको खबर उनले पाए । लगत्तै उनीहरु लास राखेको भरतपुर अस्पताल पुगे । दुई दिनसम्म पानीले ढाडिएको लास चिन्न गाह्रो हुने अवस्था भइसकेको थियो ।

जितेन्द्रको हुलियासँग मिल्दोजुल्दो हुलियाको रौतहटकै एक युवकको समेत 'रेकर्ड' भएपछि प्रहरीलाई समेत शव चिन्न गाह्रो भयो । त्यसपछि उताको समेत परिवारलाई प्रहरीले अस्पताल झिकायो । त्यसबेला जितेन्द्रका ठूलोबुबाले आफ्नो भतिजो र रामा दासले २७ गते राति बनाएको अन्तिम टिकटक भिडियो प्रमाणका रुपमा पेस गरे । प्रहरीले समेत भिडियोमा भएको कपडा तथा जुत्ताबाट जितेन्द्रको शवको यकिन सनाखत ग¥यो । प्रहरीले शव दिएपछि उनलाई अर्को आपत् आइलाग्यो । भतिजोको शव ल्याउन शववाहनले १७ हजार रुपैयाँ मागेपछि उनी छाँगोबाट खसेजस्तै भए । गोजीमा एक बोतल पानी किन्ने पैसा नभएका उनका लागि त्यति ठूलो रकम पहाड बनेर उभियो । शवसँगै बसेर रुँदै गुहार मागेको सरपलाल बताउछन् । एक व्यक्तिले शववाहनलाई सर्लाहीसम्म आइपुग्नका लागि तेल हाल्न भनेर आठ हजार रुपैयाँ दिएपछि उनी रातारात भतिजोको शव लिएर सर्लाही पुगेका थिए । अब काजक्रिया कसरी गर्ने चिन्ताले परिवारलाई सताएको छ । रासस

# ३४ करोड २७ लाखका अवैध सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजस्थित सशस्त्र प्रहरी बल नेपाल नं १३ गणले गत आर्थिक वर्षमा ३४ करोड २७ लाख ७८ हजार तीन सय ३३ रुपैयाँ मूल्य बराबरका बिलबीजक नभएका र भन्सार छली गरेका सामान बरामद गरेको छ । सशस्त्र प्रहरी बल नेपाल १३ नं गणका प्रमुख राधेश्याम धिमालले आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा नौ करोड ८९ लाख ३७ हजार तीन सय ८२ रुपैयाँ मूल्य पर्ने सामान तथा उपकरण बढी बरामद गरेको बताए ।

'भन्सार छली गरेर भित्रिएका सामानलाई पक्राउ गरेर भन्सार कार्यालयलाई बुझाउँदै आइरहेका छौँ', उनले भने, 'बिलबीजक अनुसार नभएका सामानसहितका मालवाहक सवारीसाधनलाई भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाउँदै आइरहेका छौँ । सोही कार्यालयले आवश्यक अनुसन्धान गर्ने गर्छ ।' सशस्त्र प्रहरी बल पर्साले आव २०८०/८१ मा भन्सार छली गरेर भित्रिएका १४ करोड ८९ लाख ४८ हजार पाँच सय ५६ रुपैयाँ मूल्य बराबरका अवैध समान वीरगंज भन्सार कार्यालयलाई बुझाएको छ ।

सोही अवधिमा बिलबीजकअनुसार नभएका १९ करोड १६ लाख ९६ हजार नौ सय ७५ रुपैयाँ मूल्य पर्ने सामान बरामद गरेर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जनाएको छ । सशस्त्र प्रहरीले आव २०७९/८० भने २४ करोड ३८ लाख ४० हजार नौ सय ३१ रुपैयाँ मूल्य पर्ने अवैध सामान बरामद गरेको थियो । त्यस्तै सो अवधिमा प्रतिबन्धित गाँजा २२६ किलो ४३५ ग्राम, डाइजपाम ९६९ पिस, फेनार्गन ८७९ पिस, नुर्फिन ९९७ पिस, नाईट्रोभेट २४८ पिस, नीट्राजेपाम ४४ पिस, ओनोरेक्स ८३ बोतल, ब्राउन सुगर चार किलो ३७ ग्राम र ट्रामाडोल १५ हजार २६ पिस बरामद गरेको जनाएको छ ।

त्यसैगरी, अवैध काठ ४० लाख ९३ हजार ३५५ रुपैयाँको एक हजार पाँचसय ५४ क्युफिट बरामद गरेको हो । एक वर्षको अवधिमा सशस्त्र प्रहरीले ७९ जना व्यक्ति विभिन्न सामानसहित पक्राउ गरेको छ । सशस्त्र प्रहरीले उपलब्ध गराएको विवरण अनुसार लागुऔषधसहित २६ जना, नगद रुपैयाँसहित १५ जना, अवैध निकासी पैठारीका सामानसहित १९ जना, चेलीबेटी बेचविखनमा संलग्न १५ जना, बालुवा र ट्र्याक्टरसहित एक जना र अवैध काठसहित तीन जना गरी ७९ जना पक्राउ गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

# सामुदायिक विद्यालय बन्द गर्ने चेतावनी

**मधेशदृष्टि**
**रौतहट ।**

नेपाल विद्यालय कर्मचारी तथा बाल विकास शिक्षक युनियन नगर कार्यसमितिले तलब भत्ताको माग गर्दै कटहरिया नगरपालिकामा ज्ञापन पत्र बुझाएका छन् । नगरभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत सम्पूर्ण विद्यालय कर्मचारीहरू, बाल विकास सहयोगी कार्यकर्ताले तलब र भत्ताको माग गर्दै ज्ञापन पत्रमार्फत आन्दोलनको कार्यक्रम घोषणा गरेका हुन् ।

सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ताले आर्थिक वर्ष २०७९÷०८० को वैशाखदेखि असार मसान्तसम्मको न्यूनतम थप तलब, यस आर्थिक वर्षको वैशाखदेखि असारसम्मको तलब र प्रतिमहिना दुई हजारको दरले प्रोत्साहन भत्तासमेतको रकम निकासा नभएर कसैले पनि नपाएर कठिनाई भएको भनेका छन् । सम्पूर्ण विद्यालय कर्मचारी र सहयोगी कार्यकर्ताले १५ दिनभित्र तलब निकासा नभएमा आन्दोलन गर्न बाध्य हुने ज्ञापनपत्रमा भनिएको छ । आगामी भदौ २ गतेदेखि ३ गतेसम्म कटहरिया नगरपालिकामा धर्ना बस्ने, भदौ ४ गते हातमा कालो पट्टी बाँधेर आआफ्नो विद्यालयमा काम काज गर्ने र भदौ ५ गतेदेखि कटहरिया नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरू अनिश्चितकालका लागि बन्द गरिने जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।कटहरियास्थित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा विद्यालय कर्मचारी र बाल शिक्षा सहयोगी गरी झन्डै ६० जना कार्यरत रहेका छन् । कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जैसवाल उपमेयर रिता देवी यादवसहित जनप्रतिनिधि र कर्मचारी गरी ११ जना भ्रष्टाचार मुद्दामा अख्तियारद्वारा दोषी ठहर भएर करिब एक महिनाअघि निलम्बित भएका थिए ।

# पर्साका संघीय कार्यालयको राजस्व २ खर्ब ७ अर्ब

**वीरगंज ।**

सङ्घीय सरकारमातहत रहेका पर्साका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०/८१ मा एक अर्ब ८६ करोड ८६ लाख ९९ हजार दुई सय १७ रुपैयाँ रकम पुँजीगत खर्च गरेका छन् । कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार पर्सामा रहेका ५१ कार्यालयले गत आवमा कुल पुँजीगत बजेटमध्ये ७३ दशमलव ५० प्रतिशत खर्च गरेका छन् । पर्सा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक यज्ञराज उप्रेतीले गत आवको असारमा मात्र सङ्घीय सरकार मातहतका ५१ कार्यालयले ४२ करोड ९८ लाख ७१ हजार एक सय ७० रुपैयाँ पुँजी खर्च गरेको बताए ।




'पर्साका सरकारी कार्यालयको समग्रमा पुँजीगत खर्च सन्तोषजनक नै देखिन्छ' उनले भने । ती कार्यालयका लागि गत आवमा चालु खर्चतर्फ १० अर्ब ५९ करोड ४५ लाख ५० हजार तीन सय ६१ रुपैयाँ बजेट विनियोजन गरेको थियो । गत आवमा चालुतर्फ विनियोजित रकममध्ये ९५ दशमलव ४५ प्रतिशत अर्थात् १० अर्ब १२ करोड १६ लाख ६९ हजार चार सय ८६ रुपैयाँ खर्च भएको छ । कार्यालयका अनुसार गत आवको असारमा मात्र यहाँका सरकारी कार्यालयले चालु खर्चतर्फ एक अर्ब ३० करोड छ लाख दुई हजार सात सय आठ रुपैयाँ खर्च गरेका छन् ।

एकाउन्न सरकारी कार्यालयले गत आवमा पुँजीगत र चालुतर्फ दुवै गरेर ११ अर्ब ९९ करोड तीन लाख ६८ हजार सात सय तीन रुपैयाँ खर्च गरेका छन् । आव २०७९/८० मा पर्साका सरकारी कार्यालयका लागि १४ अर्ब १५ करोड ३७ लाख आठ हजार तीन सय ८७ रुपैयाँ खर्च भएको थियो । जसमध्ये चालु खर्चतर्फ १० अर्ब ५८ करोड ५३ लाख ३४ हजार एक सय ६८ रुपैयाँ खर्च भयो । आव २०७९/८० मा सरकारी कार्यालयले पुँजीगततर्फ तीन अर्ब ५६ करोड ८३ लाख ७४ हजार दुई सय १९ रुपैयाँ खर्च गरेका थिए ।

प्रमुख कोष नियन्त्रक उप्रेतीले जिल्ला सरकारी कार्यालयले गत आव २०८०/८१ मा दुई खर्ब सात अर्ब १२ करोड ९३ लाख ९५ हजार छ सय २५ रुपैयाँ रकम राजस्व सङ्कलन गर्न सफल भएको बताए । 'पर्सा जिल्लाका सरकारी कार्यालयले अघिल्लो आवभन्दा गत आवमा छ अर्ब रुपैयाँ भन्दा धेरै राजस्व सङ्कलन गरेका छन्' उनले भने । कार्यालयले आव २०७९/८० मा दुई खर्ब एक अर्ब ३९ करोड ८१ लाख १० हजार आठ सय ४२ रुपैयाँ राजस्व सङ्कलन गरेका थिए । नियन्त्रक उप्रेतीले अघिल्लो आवभन्दा अर्थतन्त्रका सूचकमा सुधार आएकाले पनि राजस्व सङ्कलनमा वृद्धि भएको बताए । उनले भने, 'अघिल्ला वर्षभन्दा पनि भन्सार राजस्वमा सुधार आएको छ । विस्तारै अर्थतन्त्रका सूचकमा सुधार आएकाले पनि राजस्व बढेको देखिन्छ ।' रासस

# १४१ सवारीसाधन बरामद, ४४ पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**

जिल्ला प्रहरी कार्यालय रौतहटले एक वर्षको अवधिमा एक सय ४९ सवारी साधन बरामद गरेको छ । आर्थिक वर्ष २०८०/०८१ को कार्य प्रगति विवरण सार्वजनिक गर्दै प्रहरी कार्यालय रौतहटले उक्त जानकारी दिएको हो । गत आर्थिक वर्षको साउन १ गतेदेखि २०८१ असार मसान्तसम्ममा जिल्ला प्रहरी तथा मातहतका सम्पूर्ण युनिटहरूले विभिन्न किसिमको अवैध सामानहरू बरामद गरी कुल चार करोड ९१ लाख ९३ हजाररूपैयाँ राजस्व सङ्कलन गरेको रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताए ।

त्यसैगरी, प्रहरीले ४४ जना तस्करलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको जनाएको छ । हुन्डी कारोबारमा संलग्न ६ जनालाई पक्राउ गरी ३० लाख ६५ हजार छ सय ६० रुपैयाँ बरामद गरेको पनि विज्ञप्ती जनाइएको छ । त्यस्तै गत आर्थिक वर्षमा एक हजार ७७ वटा विभिन्न प्रकारको मुद्दा दर्ता भएको छ भने सात सय १५ जना आरोपी पक्राउ परेका थिए । सो मुद्दा मध्ये ६५२ फछ्र्यौट भएको जनाएको छ । त्यस्तै पाँच हजार ७७ ठाडो उजुरीमा चार हजार दुई सय वटा उजुरीको मिलापत्र भइसकेको छ । सोही अवधिमा ३३ वटा लागुऔषध मुद्दा दर्ता भएकोमा ४८ जना पक्राउ परेका थिए । साथै गत एक वर्षको अवधिमा अवैधमा ११ थान विभिन्न प्रकारका हातहतियार र आठ जना व्यक्ति पक्राउ परेका थिए ।



**नर्सरीमा उत्पादन गरिएको बिरुवा:** सर्लाहीको हरिपुर नगरपालिकास्थित रहेको सव डिभिजन वन कार्यालय, जाकीनगरको नर्सरीमा लगाईएका अमला, मेवा, मसलालगायतका बिरुवा । यसरी वन कार्यालय सर्लाहीले उत्पादन गरेको बिरुवा समुदायमा निःशुल्क रुपमा वितरण गरिँदै आएको छ । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# भारतमा नयाँ बजेट सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**
भारत सरकारले मध्यमवर्गलाई राहत दिने गरी बजेट सार्वजनिक गरेको छ । वित्त वर्ष २०२४÷२५ का लागि वित्तमन्त्री निर्मला सीतारमणले मंगलबार सार्वजनिक गरेको बजेटमा भारतीय रुपैयाँ (भारु) ३ लाखसम्मको आम्दानीमा कर नलाग्ने व्यवस्था गरिएको छ । नयाँ बजेट अनुसार अब भारु ३ देखि ७ लाखसम्म ५ प्रतिशत मात्रै आयकर लाग्ने छ । टाइम्स अफ इन्डियाका अनुसार यसअघि यो सीमा भारु ३ देखि ५ लाखसम्म मात्रै थियो ।
यसैगरी नयाँ बजेट अनुसार ७ देखि १० लाखसम्म १० प्रतिशत, १० देखि १२ लाखसम्म १५ प्रतिशत, १२ देखि १५ लाखसम्म २० प्रतिशत र १५ लाखदेखि माथि ३० प्रतिशत आयकर लाग्ने छ ।
बजेटको नयाँ व्यवस्थाले लाखौं मध्यमवर्गीय परिवार लाभान्वित हुने अपेक्षा सरकारको छ । आय विवरण समयमै नभर्नु वित्तीय अपराध मानिनेमा अब यस्तो अपराध नमानिने घोषणा समेत सरकारले गरेको छ ।

# नेपाललाई ११ अर्ब २० करोड रुपैयाँ अनुदान



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तेस्रो कार्यकालको पहिलो बजेट मंगलबार सार्वजनिक गरिएको छ । वित्तमन्त्री निर्मला सीतारमणले वित्त वर्ष २०२४/२५ को बजेट सार्वजनिक गरेकी हुन् । भारतको नियमित बजेट फेब्रुअरीमा आउँछ । नयाँ सरकार गठनपछि मंगलबार पूर्ण बजेट ल्याइएको हो । यस बजेटमा नेपालले पाउने अनुदान गत फेब्रुअरीमा तोकिएकै हाराहारी अर्थात ७ अर्ब भारतीय रुपैयाँ (११ अर्ब २० करोड नेपाली) रुपैयाँ राखिएको छ । वित्त वर्ष २०२२/२३ मा भने भारतले ४ अर्ब ३४ करोड भारु अनुदान नेपाललाई दिएको हो । भारतले आफ्नो बजेटबाट सबैभन्दा धेरै वैदेशिक सहायता भुटानलाई दिँदै आएको छ । भुटानले वित्त वर्ष २०२४/२५ मा १० अर्ब ७८ करोड अनुदान र ९ अर्ब ८९ करोड ऋण गरी २० अर्ब ६८ करोड भारु पाउने छ । भारतले छिमेकी मुलुकहरूलाई दिने अनुदान बजेटमै उल्लेख गरी सार्वजनिक गर्दै आएको छ । जसमा नेपाल, भुटानसहित बंगलादेश, श्रीलंका, अफगानिस्तान, माल्दिभ्स, मंगोलियालाई अनुदान दिने गरी बजेट विनियोजन गर्छ । धेरै अनुदान पाउनेमा भुटान र नेपाल नै अगाडि छन् ।

# पूर्वमन्त्री महतोले ५ हजार घुस दिएको प्रकरणमा गृहमन्त्रीको जवाफ



**मधेशदृष्टि**
**वीरगंज ।**
गृहमन्त्री रमेश लेखकले जनता समाजवादी पार्टीका सांसद तथा पूर्वमन्त्री डा. वीरेन्द्र महतोले सदनको रोष्ट्रमबाट आफूले पाँच हजार रुपैयाँ घुस दिएको भनेर दिएको अभिव्यक्तिप्रति सरकार गम्भीर रहेको बताएका छन् । प्रतिनिधि सभामा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै गृहमन्त्री लेखकले व्यक्तिगत रूपमा पनि सांसद महतोसँग आफूले कुरा गरिसकेको बताए । उनले भने, 'मैले व्यक्तिगत रूपले त्यो कुरा सोधेर त्यो मान्छे चिनाउनको लागि सहयोग गर्न पनि आग्रह गरेको छ । प्रहरीलाई उक्त घटनाको तत्काल छानबिन गर्नको लागि आवश्यक निर्देशन दिइसकेको छ । यो विषयलाई सरकारले गम्भीरतापूर्वक लिएको छ ।' पूर्वमन्त्री महतोले आइतबार सदनमा भनेका थिए, 'हाम्रो देशमा भ्रष्टाचारले यति ठूलो जरो गाडेको छ । म भूतपूर्व मन्त्री, मैले हिजो शिक्षा मन्त्रालयको सानोठिमीमा पाँच हजार घुस दिएर आएको छु ।' यो विषयमा कांग्रेसका राजेन्द्र केसीले गृहमन्त्री र शिक्षामन्त्रीले सांसदहरूले घुस दिएर आएको भन्ने कुरालाई नजरअन्दाज गर्न नहुने उनको बताएका थिए ।

## स्वार्थको द्वन्द्व बाझिँदा भ्रष्टाचार बढ्यो: योगेश भट्टराई

नेकपा एमालेका सचिव योगेश भट्टराईले स्वार्थको द्वन्द्व बाझिँदा भ्रष्टाचार बढ्दै गएको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले राजनीतिक दल, प्रशासनिक नेतृत्वलाई स्वनियमन गर्न स्वार्थको द्वन्द्वसम्बन्धी कानून आवश्यक देखिएको बताए । उनले भने, 'भ्रष्टाचार नियन्त्रण र नियमन गर्ने कुराहरू कमजोर बनेको देखिन्छ । राजनीतिक दल, प्रशासनिक नेतृत्वलाई स्वनियमन गर्न स्वार्थको द्वन्द्वसम्बन्धी कानून आवश्यक देखिन्छ । मन्त्रालयमा ड्राफ्ट भएर कानून मन्त्रालयमा रहेको कानूनलाई छिटोभन्दा छिटो संसदमा ल्याएर नेपाललाई लोकतान्त्रिक र सभ्य मुलुकको रुपमा विकास गर्न र राजनीतिक नेतृत्वको आचरणलाई नियमन गर्न स्वार्थको द्वन्द्व व्यवस्थालाई कानूनी ढङ्गले उपचार खोज्न आवश्यक छ ।' स्वार्थको द्वन्द्वसम्बन्धी कानून बनाउन २०६९ सालमा मन्त्रिपरिषद्ले रणनीतिक योजना बनाएको उल्लेख गर्दै उनले त्यो पनि अगाडि नबढेको बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनमा स्वार्थको द्वन्द्वसम्बन्धी कानूनी व्यवस्था आवश्यक रहेको भनेको सांसद भट्टराईको भनाइ छ । संविधान जारी भएपछि ट्रान्सपरेन्सी इन्टरनेशनलले नेपालसम्बन्धी रिपोर्ट दिँदै भ्रष्टाचार युक्त मुलुकमा नेपाल ५० अंकभन्दा तल रहेको उनले बताए ।

# बागमतीको मुख्यमन्त्रीमा कांग्रेसका लामा नियुक्त



**मकवानपुर ।**
नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा (तामाङ) बागमती प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका छन् । प्रदेश प्रमुख यादवचन्द्र शर्माले मंगलबार संविधानको धारा १६८ को उपधारा २ बमोजिम लामालाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।
नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का ६४ जना प्रदेशसभा सदस्यको हस्ताक्षरसहित लामाले आजै प्रदेश प्रमुख शर्मासमक्ष मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । मुख्यमन्त्री शालिकराम जम्कट्टेलको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख शर्माले संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार गठनका लागि मंगलबार साँझ ५ बजेसम्मको समय तोकर दाबी पेस गर्न आह्वान गरेका थिए । नवनियुक्त मुख्यमन्त्री लामाको सपथग्रहण कार्यक्रम बुधबार बिहान ११ बजे हुने प्रदेश प्रमुखको कार्यालयले जनाएको छ । बुधबार नै मुख्यमन्त्री लामाले कांग्रेसबाट सात र एमालेका छ गरी १३ सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने तयारी गरेको कांग्रेस संसदीय दलका सचेतक गोविन्दप्रसाद लम्सालले बताए ।

# पूर्वमुख्यमन्त्रीले शौचालयमा थुन्ने धम्की दिएको भन्दै सचिवद्वारा उजुरी





**मधेशदृष्टि**
**वीरगंज ।**
कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीले आफूलाई कुटपिट गर्ने धम्की दिएको एक मन्त्रालयका सचिवले प्रमुख जिल्ला अधिकारीसँग शान्ति सुरक्षाको माग गरेका छन् । सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले आफूलाई सोमबार साँझ ४ बजेर ५३ मिनेटमा कार्कीले फोन गरेर कुटपिट गर्ने र शौचालयमा थुन्ने धम्की दिएको दिएको उल्लेख गर्दै निवेदन दिएका हुन् । उनले जिल्ला प्रशासन कार्यालय मोरङ र प्रदेश प्रमुख सचिव केदारनाथ शर्मासमक्ष सुरक्षाको माग राख्दै निवेदन दिएका हुन् ।
पूर्वमुख्यमन्त्रीले नै कुटपिट गर्ने धम्की दिएपछि आफू असुरक्षित भएकाले सुरक्षाको माग राख्दै निवेदन दिएको भट्टराईले बताए ।
आफूसित धम्कीको अडिओ रेकर्ड भने नरहेको सचिव भट्टराईले बताए । विराटनगरमा सञ्चालन भएको विराट गोल्ड कपको पैसा मन्त्रालयले नदिएर असहयोग गरेको भन्दै आफूलाई धम्की दिएको सचिव भट्टराईको दाबी छ ।
केदार कार्की मुख्यमन्त्री हुँदा विराटनगरमा भएको गोल्डकपका लागि दिने भनिएको रकम अर्थले सहमति नदिएपछि रोकिएको थियो । आफू मुख्यमन्त्री हुँदै अर्थले सहमति नदिएर रोकिएको बजेटको विषयमा फोन गरेर कुटपिट गर्ने धम्की आएको सचिव भट्टराईले बताए । सो बेला कार्कीले अर्थमन्त्रालयसमेत सम्हालेका थिएँ ।
आफैं विभागीय मन्त्री भएको बेला कानुनको अभावमा अर्थले रकम निकासाको सहमति दिएन । सामाजिक विकास मन्त्रालयले यस वर्ष विराट गोल्ड कपसँगै झापा गोल्ड कप र बुढासुब्बा गोल्डकपका लागि बजेट माग गरेको थियो ।
तर, पुरानो रकम भुक्तानीमा अर्थले सहमति नदिँदा पुरानो भुक्तानी गर्न मन्त्रालयले सकेको थिएन । सोही विषयमा असहयोग गरेको भन्दै निवर्तमान मुख्यमन्त्री कार्कीले धम्की दिएका हुन् । निवेदन परेपछि सचिव भट्टराईको सुरक्षाको प्रबन्ध मिलाइएको छ ।

# एम्बुलेन्समा एकरूपता ल्याउन निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले देशभरका एम्बुलेन्सको रङ, साइरन र अन्य सङ्केतमा एकरूपता ल्याउन निर्देशन दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति र जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिलाई परिपत्र गर्दै त्यस्तो निर्देशन दिएको हो ।
मन्त्रालयका शाखा अधिकृत बद्रीराज ढकालले राष्ट्रिय एम्बुलेन्स निर्देशिका–२०७८ को दफा १५ ले निर्देशित गरेको मापदण्डअनुसार एकरूपता नआएको भन्ने जनगुनासो आइरहेकाले प्रादेशिक र जिल्लास्तरमा रहेका एम्बुलेन्स व्यवस्थापन समितिलाई मापदण्डको पालना गर्न निर्देशन दिएको जानकारी दिए । मन्त्रालयले मापदण्ड पूरा गरेको अवस्थामा मात्र एम्बुलेन्स सञ्चालन अनुमति नवीकरण गर्न निर्देशन दिएको छ ।
निर्देशिकामा एम्बुलेन्सले राष्ट्रिय प्रदूषण मापदण्ड अनिवार्य पालना गरेको, एम्बुलेन्सको पहिचान हुने आवाज (साइरन), रातो लामो रङको सङ्केत बत्ती जडान भएको, एम्बुलेन्समा एम्बुलेन्स शब्द अगाडि उल्टो अक्षरबाट र तीन अङ्कको १०२ टेलिफोन नम्बर अङ्ग्रेजी र नेपाली दुवै भाषामा लेखिएको हुनुपर्ने उल्लेख छ । यस्तै सरकारबाट राजस्वमा छुट प्राप्त एम्बुलेन्स भनेर स्पष्ट देखिने गरी लेखिएको, एम्बुलेन्सको वर्गीकरण खुल्ने गरी वर्ग उल्लेख भएको हुनुपर्ने निर्देशिकामा उल्लेख छ ।




# अतिक्रमणमुक्त गराएको जग्गामा ७ हजार बिरुपा रोपियो



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाँउपालिकाले अतिक्रमणमुक्त गराई खाली गराएको करिब १५ बिघा ऐलानी जग्गामा सात हजार बिरुवा रोपिएको छ । नेपालका प्रथम जनर्विाचित प्रधानमन्त्री स्वर्गीय विश्वेसरप्रसाद कोइरालाको ४२औँ स्मृति दिवसको अवसरमा जगरनाथपुर गाँउपालिका वडा नम्बर २ दशौतास्थित रैनीझैनी मठ नजिकको ऐलानी जग्गामा मंगलबार विभिन्न प्रजाातिका सात हजार वटा बिरुवा रोपिएको कांग्रेसका क्षेत्रीय सचिव बलिष्टर अहमदले जानकारी दिए ।
दशौताको रैनीझैनी मठ नजिकैको करिब १५ बिघा ऐलानी जग्गा स्थानिय केहि व्याक्तिले वर्षौंदेखि अतिक्रमण गरी खेतीपाती गर्दै आएकोमा जगरनाथपुर गाँउपालिकाले गाँउपालिका अध्यक्ष श्रीकान्त यादवको निर्देशनमा गत जेष्ठ दोश्रो साता उक्त जग्गा अतिक्रमण मुक्त बनाई किलाकाटी गाडेर घेराबार गरिएको थियो । सोही जग्गामा मंगलबार गाँउपालिकाले आयोजना गरेको वृक्षारोपण कार्यक्रममा साल, सीसौं, सपेता, अमला, जामुन, आँपलगायतका प्रजातिका बिरुवाहरु रोपिएको कांग्रेस क्षेत्रीय सचिव अहमदले बताए । वृक्षा रोपण कार्यक्रमको शुभारम्भ पूर्व उद्योगमन्त्री तथा कांग्रेस केन्द्रिय सदस्य रमेश रिजालले गरेका थिए ।
गाँउपालिका अध्यक्ष यादवको अध्यक्षता तथा पूवर्वमन्त्री रिजालको प्रमुख आतिथ्यतामा भएको वृक्षा रोपण कार्यक्रममा प्रदेश सभा सदस्य शंकर चौधरी, कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, प्रवक्ता रमेश पाण्डे, सहसचिव नवीन सिंह, डिभिजन वन कार्यालय पर्साका प्रमुख सुनिल कर्ण, कांग्रेस नेताहरु रामदेव चौहान, रामेश्वर महतो, सहरुम गद्दी, गाँउपालिका उपाध्यक्ष बबिता सिंह क्षेत्री, प्रमुख प्रशासकीय अधिकृत कृष्ण नन्दन रायलगायतको सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन